आज मिति २०७७ साल श्रावण २२ गते विहीवारका दिन यस नगरपालिकाको नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णय देहाय बमोजिम रहेको छ ।

**उपस्थिति**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | श्री मिरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं. १ | श्री खरसिं दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं. २ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं. ३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं. ५ | श्री मोहनकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं. ६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं. ७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं. ८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं. ९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं. १० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं. ११ | श्री निरबहादुर खड्का | अनुपस्थित |
| वडाध्यक्ष वडा नं. १२ | श्री तोत्रबहादुर कुँवर | उपस्थित |
| वडाध्यक्ष वडा नं. १३ | श्री लेखबहादुर राना | उपस्थित |
| वडाध्यक्ष वडा नं. १४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री तमबहादुर दरै | उपस्थित |
| ,, | श्री कल्पना पोखेल | उपस्थित |
| ,, | श्री चन्द्रमाया परियार | उपस्थित |
| ,, | श्री सुनसरी गुरुङ | उपस्थित |
| ,, | श्री अमृतबहादुर नेपाली | उपस्थित |
| ,, | श्री मधुमाया घर्ती | उपस्थित |
| ,, | श्री नरीमाया राना | उपस्थित |
| सचिव | श्री दिनेश राज पन्त | उपस्थित |
| का.वा.अध्यक्ष, व्यास ११ | श्री रामकृष्ण अधिकारी | उपस्थित |
| उपसचिव | श्री नगेन्द्रप्रसाद रेग्मी | उपस्थित |
| वरिष्ठ अधिकृत | श्री राजेन्द्र कार्की | उपस्थित |
| वरिष्ठ इन्जिनियर | श्री राजु पौडेल | उपस्थित |
| जनस्वास्थ्य अधिकृत | श्री प्रमोद सोती | उपस्थित |
| इन्जिनियर | श्री रविन्द्रलाल मूल | उपस्थित |
| कम्प्युटर अधिकृत | श्री गोकर्णराज वाग्ले | उपस्थित |
| लेखा अधिकृत | श्री सुवास अधिकारी | उपस्थित |
| शाखा अधिकृत | श्री मेघनाथ आचार्य | उपस्थित |

प्रस्तावहरु

प्रस्ताव नं.१: विभिन्न विषयगत समितिहरु गठन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.२: प्रकोप व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.३: कोरोना भाइरस (कोभिड-१९) नियन्त्रण अभियानको समिक्षा सम्बन्धमा ।
प्रस्ताव नं.४: विभिन्न शीर्षकहरुको खर्च अनुमोदन सम्बन्धमा ।
प्रस्ताव नं.५: सेवा कार्यालय सञ्चालन सम्बन्धमा ।
प्रस्ताव नं.६: करार कर्मचारीको म्याद थप सम्बन्धमा ।
प्रस्ताव नं.७: परामर्शदाता छनौट सम्बन्धमा ।
प्रस्ताव नं.८: तारजाली खरिद सम्बन्धमा ।
प्रस्ताव नं.९: अध्यापन अनुमति सम्बन्धमा ।
प्रस्ताव नं.१०: स्वास्थ्य संस्था नवीकरण सम्बन्धमा ।
प्रस्ताव नं.११: सम्झौताको म्याद थप सम्बन्धमा ।
प्रस्ताव नं.१२: एकीकृत जग्गा विकास योजना तर्फको जनशक्ति व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.१३: सरसफाई तर्फको जनशक्ति व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.१४: सम्पन्न प्रमाण पत्र दिने सम्बन्धमा ।
प्रस्ताव नं.१५: ल्याव विस्तारको लागि सोलार बत्ती जडान सम्बन्धमा ।
प्रस्ताव नं.१६: अत्यावश्यक कार्यक्रम तथा योजनाहरुमा रकम विनियोजन सम्बन्धमा ।
प्रस्ताव नं.१७: तोकिएको क्षेत्रमा सवारी साधनहरुलाई निषेध गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१८: वडा नं.७ कलेस्तीमा स्थापना प्रहरी चौकीको भाडा भुक्तानी सम्बन्धमा ।
प्रस्ताव नं.१९: फरफारक हुन बाँकी रहेका योजनाहरुको रकम भुक्तानी दिने सम्बन्धमा ।
प्रस्ताव नं.२०: प्राकृतिक स्रोत साधन उत्खनन् तथा ढुवानी गर्ने सवारी साधनहरु सम्बन्धमा ।
प्रस्ताव नं.२१: परामर्शदाता नियुक्ति सम्बन्धमा ।
प्रस्ताव नं.२२: वि.पि. बहुउद्देश्यीय रंगशालाको योजना फरफारक सम्बन्धमा ।
प्रस्ताव नं.२३: पदपूर्ति समितिको सदस्य तोक्ने सम्बन्धमा ।

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको तेत्तिसौं नगरसभाबाट प्रत्यायोजित अधिकार बमोजिम देहाय बमोजिमका पदाधिकारीहरु रहने गरी देहाय बमोजिमका विषयगत समितिहरु गठन गर्ने निर्णय गरियो ।

(क) पूर्वाधार विकास समिति:

| | | | |
|---|---|---|---|
| १. | श्री तुलसीराम सापकोटा | संयोजक | ९८५६०६००८३ |
| २. | श्री निरबहादुर खड्का | सदस्य | ९८४६२३३८६३ |
| ३. | श्री कल्पना पोखरेल | सदस्य | ९८४६१२०४५४ |
| ४. | श्री मनबहादुर गुरुङ्ग | सदस्य | ९८०६५९०३२३ |
| ५. | डा. राजु पौडेल | सदस्य-सचिव | ९८४६०५०३७६ |

(ख) आर्थिक विकास समिति:

| | | | |
|---|---|---|---|
| १. | श्री मोहनकुमार श्रेष्ठ | संयोजक | ९८५६०२८९८९ |
| २. | श्री तोत्रबहादुर कुँवर | सदस्य | ९८४६०९१४२८ |
| ३. | श्री चन्द्रमाया परियार | सदस्य | ९८४६१३१९७८ |
| ४. | श्री रामकृष्ण अधिकारी | सदस्य | ९८४६०९१०९६ |
| ५. | श्री राजेन्द्र कार्की | सदस्य-सचिव | ९८५६०७५६७४ |

(ग) सामाजिक विकास समिति:

| | | | |
|---|---|---|---|
| १. | श्री तमबहादुर दरै | संयोजक | ९८४६२७४९२८ |
| २. | श्री नरीमाया राना | सदस्य | ९८४६२४४४३१ |

| | | | |
|---|---|---|---|
| ३. | श्री लक्ष्मीकान्त मिश्र | सदस्य | ९८४६२३५२४३ |
| ४. | श्री बसुन्धरा घर्ती | सदस्य | ९८४६११४८६५ |
| ५. | श्री नगेन्द्र प्रसाद रेग्मी | सदस्य-सचिव | ९८५६०४५५१७ |

(घ) वन तथा वातावरण समितिः

| | | | |
|---|---|---|---|
| १. | श्री विश्वराज न्यौपाने | संयोजक | ९८४६०५५५१४ |
| २. | श्री सुनसरी गुरुङ्ग | सदस्य | ९८१६६२६०७७ |
| ३. | श्री सुन्दर वाग्ले | सदस्य | ९८४६०५५५८० |
| ४. | श्री प्रदिप आचार्य | सदस्य | ९८४८४३१२९८ |
| ५. | श्री रविन्द्रलाल मुल | सदस्य-सचिव | ९८५६०४३४९१ |

(ङ) सार्वजनिक सेवा तथा सुशासन समितिः

| | | | |
|---|---|---|---|
| १. | श्री काशीराम श्रेष्ठ | संयोजक | ९८५६०६०८४८ |
| २. | श्री मधुमाया घर्ती | सदस्य | ९८०६५७३३३२ |
| ३. | श्री मिना राना पन्थ | सदस्य | |
| ४. | श्री रिकेश थापा | सदस्य | ९८२५१०७०१२ |
| ५. | श्री मेघनाथ आचार्य | सदस्य-सचिव | ९८५६०६०१६३ |

(च) विधायन समितिः

| | | | |
|---|---|---|---|
| १. | श्री अमृत बहादुर नेपाली | संयोजक | ९८४६०६२५३५ |
| २. | श्री चुडामणि दाहाल | सदस्य | ९८५६०३११०५ |
| ३. | श्री गोकर्णराज वाग्ले | सदस्य-सचिव | ९८४६०३७२७० |

(छ) लेखा समितिः

| | | | |
|---|---|---|---|
| १. | श्री काजीमान श्रेष्ठ | संयोजक | ९८४६०४३३५२ |
| २. | श्री सुरेश थापा | सदस्य | ९८४६१३१८६९ |
| ३. | श्री कुमारकंचन जि.सी. | सदस्य-सचिव | ९८५६०६०५१७ |

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा २०७७ आषाढ २८ गते परेको अविरल वर्षाका कारण आएको बाढी र पहिरोबाट हुन गएको प्रकोपको व्यवस्थापनका लागि यस नगरपालिकाबाट प्रारम्भिक रुपमा गरिएको उद्धार, राहत वितरण तथा प्रकोप व्यवस्थापनका सम्बन्धमा बृहत रुपमा छलफल गरियो । साथै सो सम्बन्धमा राहत वितरण, पूर्वाधारहरुको पुननिर्माण तथा मर्मत सम्भार एवं पुनस्थापनका लागि वडा स्तरबाट संकलन गरी वडाको सिफारिस सहित प्राप्त हुन आएका क्षतिका विवरण मध्ये क्षतिको प्रकृति तथा परिमाणलाई आधारमानी राहत वितरण कार्य अगाडि बढाउने एवं भौतिक पूर्वाधारहरुको मर्मत सम्भार एवं पुननिर्माण कार्यलाई प्राथमिकतामा राखी कार्यान्वयन गर्दै जाने निर्णय गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा कोरोना भाइरस (कोभिड-१९) ले हालसम्म पारेको असर र यसको नियन्त्रणमा देखा परेका चुनौति एवं समस्या र यसको समाधानको सम्बन्धमा बृहत रुपमा छलफल गरियो । यसको रोकथाम तथा नियन्त्रण र उपचारका क्रममा गरिएका प्रयासहरुका कारण हाल यस नगरपालिकामा यसको असर न्यून देखिन गएको भएता पनि लकडाउन खुले पश्चात् विभिन्न स्थानहरुबाट यस नगरपालिकामा आवत-जावत गर्ने मानिसहरुको कारणले आगामी दिनमा यसको प्रकोप बढ्न सक्ने सम्भावनालाई मध्यनजर गरी यथाशक्य विदेशबाट यस नगरपालिकामा आउने नागरिकहरुलाई व्यास नगरपालिका वडा नं.२ स्थित कृषि विकास बैंकको भवनमा तयार भइरहेको क्वारेन्टिनमा राख्ने व्यवस्था मिलाउने निर्णय गरियो । साथै क्वारेन्टिन निर्माणको लागि प्राविधिकबाट तयार भएको रू.१,७४,६२०। (एक लाख चौहत्तर हजार छ सय बिस रुपैंया) को लागत अनुमान स्वीकृत गरी निर्माण कार्य सम्पन्न गराउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा विपद् कोष अन्तर्गत खर्च भएको देहाय बमोजिमको खर्च अनुमोदन गरियो ।

(क) त्रिपाल खरिद रू.५,००,०००।

(ख) ह्युमपाइप खरिद रू.१४,९४,८९९।

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका वडा नं.१२ अन्तर्गत छिर्कने क्षेत्रमा बढ्दो जनसंख्याको अवस्था र पृथ्वी राजमार्गको दमौली-नाहाला खण्डमा दिनानुदिन जस्तै भइरहने सवारी दुर्घटनाको अवस्था समेतलाई मध्यनजर गरी घाँसीकुवा स्वास्थ्य चौकीको सेवा कार्यालयका रुपमा स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यका साथ छिर्कनेमा स्वास्थ्य सेवा कार्यालय स्थापना गर्न आवश्यक भौतिक पूर्वाधार व्यवस्थापनका लागि प्राविधिकबाट तयार पारिएको रू.१,४२,०००। (एक लाख बयालिस हजार रुपैंया) को लागत अनुमान स्वीकृत गरियो । साथै त्यसका लागि आवश्यक जनशक्ति मध्ये कार्यालय सहयोगीका रुपमा मासिक रु.१०,०००। (दश हजार) पारिश्रमिक उपलब्ध गराउने गरी हाल घाँसीकुवा स्वास्थ्यचौकीमा स्वयसेवकको रुपमा कार्यरत श्री शान्ता दवाडीलाई २०७७ भाद्र १ गतेदेखि करारमा कामकाज लगाउने र अन्य जनशक्ति मौजुदा जनशक्तिबाट व्यवस्थापन गरी आगामी भाद्र १ गतेबाट सेवा शुरु गर्ने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकामा करार सेवामा कार्यरत सम्पूर्ण कर्मचारीहरुको करार सम्झौताको म्याद २०७७ आषाढ मसान्तदेखि समाप्त भएकोमा यस नगरपालिकाको स्वीकृत सांगठनिक संरचना बमोजिम रहेको दरबन्दी र पद अनुसार कामकाजमा लगाउन मिल्ने करार सेवामा कार्यरत सम्पूर्ण कर्मचारीहरुको सेवा शर्त तथा सुविधा आ.व.२०७६/०७७ मा भएको करार सम्झौता बमोजिम नै हुने गरी आगामी पौष मसान्तसम्म करार सम्झौताको म्याद थप गरी कामकाजमा लगाउने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा व्यास मादी उपत्यका एकीकृत नदी विकास आयोजना कार्यान्वयनको लागि विस्तृत आयोजना प्रतिवेदन तयार गर्ने सम्बन्धमा परामर्श सेवा खरिदको लागि मिति २०७६।९।१७ गते नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार निर्धारित समयमा EGP System/www.Bolpatra.gov.np/egp मार्फत दर्ता हुन आएका विभिन्न परामर्शदाता संस्थाहरुका प्राविधिक तथा आर्थिक प्रस्तावहरु मध्ये सार्वजनिक खरिद नियमावली २०६४ को परिच्छेद ६ को नियम ८१ बमोजिम प्राविधिक प्रस्तावको अंकभार ८० प्रतिशत र आर्थिक प्रस्तावको अंकभार २० प्रतिशत कायम गरी गरिएको मूल्यांकन बमोजिम प्राविधिक तथा आर्थिक प्रस्तावमा सबै भन्दा बढी प्रतिशत अंक प्राप्त गर्ने श्री ECoCoDE Nepal-Paragon-Epicenter JV ललितपुरले कबोल गरेको (मू.अ.कर बाहेक) रु.३४,६८,६००। रकमको न्यूनतम मूल्यांकित प्रस्ताव स्वीकृत गरी कार्य अगाडि बढाउन मनासिव देखिएको भनी बोलपत्र मूल्यांकन समितिबाट स्वीकृतिको लागि सिफारिस भई आएकोले मूल्यांकन समितिको सिफारिस बमोजिम श्री ECoCoDE Nepal-Paragon_Epicenter JV ललितपुरको प्रस्ताव स्वीकृत गरी सम्झौता प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा अषाढ महिनाको अन्तिम र श्रावण महिनाको पहिलो र दोस्रो सातामा आएको अविरल वर्षाको कारण यस नगरपालिका अर्न्तगत विभिन्न वडाहरुमा पहिरो गई केही व्यक्तिको मृत्यु हुनुको साथै १ जना वेपत्ता समेत रहेको र धेरै व्यक्तिहरुको घर जग्गामा समेत क्षति हुनुको साथै खेत, बाटो, खानेपानी, विजुली, सिंचाई जस्ता क्षेत्रमा व्यापक क्षति हुन गएकोले उक्त स्थानको तत्काल संरक्षण गरी जनजीवन सहज बनाउन सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४५ बमोजिम विशेष परिस्थितिमा तारजाली (ग्याविन) खरिद (ठेक्का नं १/vyasmun/२०७७।०७८) को लागि ३ दिने सिलबन्दी दरभाउपत्र माग सम्बन्धी सूचना अनुसार नगरपालिका कार्यालयको स्वीकृत विभागीय लागत अनुमान (मु.अ.कर बाहेक) **रु.१३,२६,१७२।५७** मा सबैभन्दा बढी **१.०७** प्रतिशत अंक घटी दरभाउपत्र दर्ता गराउने **श्री गण्डकी ट्रेड सप्लायर्स प्रा.लि. व्यास २ तनहुँले** कबोल गरेको (मू.अ.कर बाहेक) **रु.१३,११,९६०।** अंकको न्यूनत्तम मूल्यांकित दरभाउपत्र सारभूत रुपमा प्रभावग्राही देखिएको भनी मूल्यांकन समितिबाट

स्वीकृतिको लागि सिफारिस भई आएकोले मूल्यांकन समितिको सिफारिस बमोजिम खरिद प्रक्रियालाई अनुमोदन गरी दरभाउपत्र स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.२ स्थित श्री बालमन्दिर मा.वि.द्वारा कक्षा ११ मा शिक्षा र व्यवस्थापन विषयको पठन-पाठन गराउने गरी कक्षा थप सहित अध्यापन अनुमति माग भई आएको हुँदा आवश्यक भौतिक पूर्वाधार र जनशक्ति व्यवस्थापन मिलाई कक्षा ११ मा विद्यार्थी भर्ना लिई शिक्षा र व्यवस्थापन विषयको पठन-पाठन गराउने गरी अध्यापन अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.४ स्थित रत्नहरी अस्पताल र व्यास ३ स्थित नेशनल एपोलो हस्पिटलले स्वास्थ्य संस्था नवीकरणका लागि आवेदन दिएको र कार्यालयको अनुगमन प्रतिवेदनबाट प्रचलित कानून बमोजिमका न्यूनत्तम मापदण्ड पुरा गरेको व्यहोरा सहित नवीकरणको लागि सिफारिस भई आए अनुसार उल्लेखित संस्थाहरुको नियमानुसार संस्था दर्ता नवीकरण गर्ने निर्णय गरियो ।

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकामा सञ्चालन भइरहेको सामी परियोजनाको लागि सेवा प्रदायक संस्थाको रुपमा ठेक्का स्वीकृत प्राप्त ग्रामिण सशक्तिकरण समाज दमौली तनहुँले आर्थिक वर्ष २०७६/०७७ मा भएको सम्झौताको म्याद आ.व.२०७७/०७८ सम्मका लागि थप गरिदिनु भनी आवेदन पेश गरेको र जिल्ला अनुगमन समितिको अनुगमन प्रतिवेदन तथा कार्यक्रम समन्वय व्यवस्थापन समितिबाट समेत म्याद थपको लागि सिफारिस भए बमोजिम चालु आ.व.२०७७/०७८ का लागि उल्लेखित सेवा प्रदायक संस्थाको सम्झौताको म्याद थप हुने गरी पुनः सम्झौता गरी कार्यक्रम सञ्चालन कार्यलाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा भुकम्प प्रविधि राष्ट्रिय समाज नेपाल (NSET) को प्राविधिक सहयोगमा आ.व.२०७६/०७७ देखि यस नगरपालिकाको विभिन्न वडाहरुमा सञ्चालित एकीकृत जग्गा विकास कार्यक्रममा कार्यरत अधिकांश जनशक्तिहरु भूकम्प प्रविधि राष्ट्रिय समाज नेपालले नै व्यवस्थापन गरेकोमा २०७७ आषाढ मसान्तदेखि यहाँ कार्यरत (NSET) राष्ट्रिय जनशक्तिहरुको व्यवस्थापन सम्बन्धित ओजनाको खर्चबाट नै व्यवस्थापन गर्न अनुरोध भई आएको हुँदा हाल उक्त परियोजनामा कार्यरत ईन्जिनियर कपिल रिजाललाई परियोजनामा कार्यरत नगरपालिका तर्फका अन्य ईन्जिनियरहरुले खाईपाई आए सरहको पारीश्रमिक तथा अन्य सेवा सुविधा उपलब्ध गराउने गरी करारमा सम्झौता गरी कामकाजमा लगाउने साथै व्यास १० निवासी श्री यात्राबहादुर दरैलाई सव-ईन्जिनियर पदमा सोही पद अनुसारको पारिश्रमिक तथा अन्य सुविधाहरु उपलब्ध गराउने गरी करार सम्झौता गरी कामकाजमा लगाउने निर्णय गरियो ।

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका क्षेत्रका फोहोर मैला व्यवस्थापनका लागि खरिद गरिएको नयाँ टिप्पर सञ्चालनको लागि आवश्यक जनशक्ति व्यवस्थापन गर्दै लैजाने र तत्काल आवश्यक एक जना कुचीकार पदमा व्यास ११ निवासी विरेन्द्र दरै र व्यास १० निवासी शान्ति दरैलाई मासिक रू.१४,०००। (चौध हजार रुपैंया) पारिश्रमिक उपलब्ध गराउने गरी करार सम्झौता गरी कामकाजमा लगाउने निर्णय गरियो ।

**निर्णय नं.१४:** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको तेत्तीसौं नगर सभाको निर्णय बमोजिम हुने गरी विद्युतको हाइटेन्सन लाइन नजिक यस अगाडि नक्सापास स्वीकृति लिई निर्माण भएका घरहरु मध्ये डि.पी.सी. सम्मको निर्माण कार्यको प्रमाण पत्र लिइसकेका र यस कार्यालयमा पेश भएको नक्सा बमोजिम नै घर निर्माण कार्य सम्पन्न गरेका घरधनीहरुलाई घर सम्पन्न प्रमाण पत्र प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा गजौडे स्वास्थ्य संस्थामा Lab विस्तारको कार्यक्रम अन्तर्गत सोलार बत्ती जडानको लागि नगरपालिकामा सूचिकृत विभिन्न फर्महरुसँग दररेट माग गरिएकोमा

सबैभन्दा न्यून रकम कवोल गर्ने श्री बसन्ती इनर्जी पावर प्रा.लि. काठमाण्डौंले पेश गरेको रू.४,९८,६०३। (चार लाख अन्ठानब्बे हजार छ सय तिन रुपैंया) को दररेट स्वीकृत गरी सोलार बत्ती जडान प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं.१६:** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा देहाय बमोजिमका आधारभूत एवं अत्यावश्यक प्रकृतिका कार्यक्रमहरु तथा योजनाहरुमा देहाय बमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो ।

| सि.नं. | कार्यक्रम तथा योजनाको नाम | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १. | बालमन्दिर मा.वि.मा क्वारेन्टिनको लागि पूर्वाधार निर्माण | व्यास २ | ११२,०९७। | कोभिड कोष |
| २. | स्वास्थ्य खोप केन्द्र निर्माण अपुग रकम थप | व्यास १२ | ५०,०००। | स्वास्थ्य |
| ३. | राम्चे खानेपानी योजना पाइप हिलटंकी खरिद | व्यास १० | ५५,६५२। | खानेपानी |
| ४. | शिखर मार्ग र सुवर्ण मार्ग नाला सफाई | व्यास ४ | ९०,५००। | वडा बजेट |
| ५. | फुस्रेकुवा देखि बाराही मा.वि.सम्म नाला, ग्राभेल र ग्याबिन | व्यास ११ | ३००,०००। | विपद् कोष |
| ६. | मनकामना चोकमा कसिङ्ग निर्माण अपुग रकम थप | व्यास १ | ७०,०००। | पूँजीगत विविध |
| ७. | साँगे पतेनी नहर मर्मत | व्यास ५ | ५००,०००। | वडाको कृषि शीर्षक तर्फको १० लाख मध्येबाट |
| ८. | बैरेनी डिपबोरिङ्ग खानेपानी योजना | व्यास १० | ६००,०००। | साविकको सम्झौता बमोजिमको रकममा थप- खानेपानी शीर्षक |
| ९. | डाङ्ग्रेखोल्सी नाला सफाई तथा सडक पेटीमा गार्डेन निर्माण | व्यास २ | १५०,०००। | |
| १०. | सुसार्दे खोला कजवे मर्मत | | १२५,०००। | वडा विपद कोष |
| ११. | कोभिड १९ का कारण भएको शैक्षिक क्षति न्यूनीकरण अभियान अन्तर्गत कक्षा ५,६ र ७ को लागि पाठ्यक्रम छपाई गरिएका स्वअध्ययन सामग्री | | ३,००,०००। | छपाई शीर्षकबाट |
| १२. | जिल्ला प्रशासन कार्यालय फर्निचर खरिद | | १००,०००। | |
| १३. | तनहुँशुर स्वास्थ्यचौकी सेवा कार्यालय वेलटारी विभिन्न सामग्री खरिद | | २५,०००। | |
| १४. | स्याम्घा स्वास्थ्यचौकी सेवा कार्यालय मर्मत | | २२१८००। | |

**निर्णय नं.१७:** प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१, २, ३ र ४ बजार क्षेत्रमा विद्यालय लाग्ने र छुट्ने समयमा बिहान ९:३० बजेदेखि ११:०० बजेसम्म र साँझ ३:०० बजेदेखि ४:३० बजेसम्म मालबाहक ट्र्याक्टर, ट्रक र ठूला बसहरुलाई निषेध गर्न दमौली बजार उद्योग वाणिज्य संघ इकाई र जिल्ला ट्राफिक प्रहरी कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.१८:** प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा जिल्ला प्रहरी कार्यालय, तनहुँसँगको समन्वयमा व्यास नगरपालिका वडा नं.७ कलेस्तीमा स्थापना भइरहेको प्रहरी चौकीको कार्यालय भवनको लागि यस नगरपालिकाले भाडा भुक्तानी दिने गरी सोही ठाउँ निवासी सूर्यनाथ घिमिरेको घर भाडामा लिंदै आएकोमा यसै आ.व.देखि अस्थायी प्रहरी विट समेत रहने गरी निज कै घरको थप एउटा कोठा समेत भाडामा

लिइएको हुँदा २०७७ श्रावण महिना देखि लागू हुने गरी निजलाई एकमुष्ट भाडा रकम रू.१५,०००। (पानी, विजुली र बहालकर समेत) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१९:** प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुँदा आ.व.२०७६/०७७ मा सम्पन्न हुने गरी सम्झौता भएका कतिपय योजनाहरु विश्वभर महामारीका रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) का कारण यथासमयमा नै सम्पन्न हुन नसकेको साथै कतिपय योजनाहरु आर्थिक वर्षको अन्त्य सम्ममा सम्पन्न भएका तर फरफारक हुन बाँकी रहेकै अवस्थामा २०७७/०३/२८ गते परेको वर्षात्सँगै आएको बाढी पहिरोका कारण उपभोक्ता समितिबाट निर्मित भौतिक संरचनाहरु भत्किन/बिग्रन गई कतिपय योजनाहरुमा आंशिक र कतिपय योजनाहरु पूर्णरुपमा क्षति हुन गएको परिप्रेक्ष्यमा प्राविधिकबाट मूल्याङ्कन भइसकेका योजनाहरुको हकमा संलग्न कागजात प्रमाण/विल भरपाई योजनाहरुको तस्विर समेतलाई आधारमानी वडा कार्यालयद्वारा स्थानीय सर्वपक्षीय सरोकारवालाहरु समेतको उपस्थितिमा गराएको सर्जमिन मुचुल्का सहित सिफारिस गरी पठाएको योजनाहरुलाई औचित्यका आधारमा गरिएको मूल्याङ्कन बमोजिम भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.२०:** प्रस्ताव नं.२० का सम्बन्धमा छलफल हुँदा प्रचलित कानून बमोजिम निषेधित गरिएको समयमा तथा यस नगरपालिकाबाट तोकिएको निषेधित क्षेत्रबाट उत्खनन् हुने प्राकृतिक स्रोत साधन उत्खनन् तथा ढुवानी गर्ने सवारी साधनहरु पकाउ गरी जरिवानाका लागि यस कार्यालयमा पेश गर्ने जिल्ला प्रहरी कार्यालय तथा यस नगरपालिका कार्यालयका प्रहरी कर्मचारीहरुलाई अशुल हुने जरिवाना रकमको १५% रकम प्रोत्साहन स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.२१:** प्रस्ताव नं.२१ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.५ अन्तर्गत चुंदेर, ढापथुम्की, नेपालटार, रानीटारी लगायतका क्षेत्रमा अवस्थित करिब २५० घरधुरीमा स्वच्छ खानेपानी आपूर्तिको व्यवस्थापन मिलाउन याम्दी खोला लगायत अन्य वैकल्पिक खानेपानीको स्रोतका रुपमा सम्भाव्य रहेका स्रोतको खोजी गरी सोको डि.पि.आर. समेत तयार गर्न सम्पूर्ण कर सहित रु.२,३०,०००। (दुई लाख तीस हजार) परामर्श सेवा शुल्क भुक्तानी गर्ने गरी श्री स्मार्ट सिभिल कन्सल्टेन्ट व्यास ३ लाई परामर्शदाताको रुपमा नियुक्त गर्ने निर्णय गरियो ।

**निर्णय नं.२२:** प्रस्ताव नं.२२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.३ स्थित वि.पि. बहुउद्देश्यीय रंगशाला निर्माणको लागि आर्थिक वर्ष २०७५।०७६ मा उपभोक्ता समितिसँग सम्झौता गरी निर्माण कार्य अगाडि बढाइएकोमा उपभोक्त समितिद्वारा सम्झौताको अवधि भित्र सम्झौता बमोजिमको कार्य सम्पन्न हुन नसकेको कारण उक्त रंगशालाको गुरु योजना कार्यान्वयनमा ढिलाई हुन पुगेको हुँदा उपभोक्ता समितिले सम्पन्न गरेको निर्माण कार्य मध्ये केही भौतिक संरचनाहरु तोकिएको डिजाइन इष्टिमेट भन्दा फरक रुपमा निर्माण भएको भएता पनि प्राविधिक तथा उपयोगिताको दृष्टिकोणले तात्विक रुपमा भिन्नता नहुने प्रकृतिका कार्यहरुलाई समेत मूल्यांकनमा समावेश गर्ने गरी प्राविधिकबाट अन्तिम मूल्यांकन गराई सोही मूल्यांकनको आधारमा योजना फरफारक गर्ने निर्णय गरियो ।

**निर्णय नं.२३:** प्रस्ताव नं.२३ का सम्बन्धमा छलफल हुँदा युवा रोजगारीको रुपान्तरण पहल अभियानमा प्राविधिक सहायकको पदपूर्तिका लागि कार्यविधिद्वारा निर्दिष्ट पदपूर्ति समितिको विशेषज्ञ सदस्य पदमा वरिष्ठ आ.ले.प.अधिकृत कुमार कंचन जि.सि.लाई मनोनयन गर्नेनिर्णय गरियो ।